# लहान नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
(आन्तरिक राजस्व व्यवस्थापन उप-शाखा)
लहान (सिरहा)
प्रदेश नं. २ नेपाल

मितिः- २०७७/०५/१७

## वातावरण, नदी नियन्त्रण तथा सडक मर्मत संभार सेवा शुल्क संकलन ठेक्का सम्वन्धी शिलबन्दी बोलपत्र आह्वान सूचना ।

### सूचना प्रकाशित मिति २०७७/०५/१८ गते

यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने देहाय बमोजिमको स्थानीय पूर्वाधार सेवा र उपयोगमा आ.व. २०७६/०७७ का लागि यस नगरपालिकाको छैठौ नगरसभाबाट देहाय बमोजिमको सेवा शुल्क संकलन गर्न किस्तावन्दी (दुइ किस्ता)मा ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकाले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुवाट देहाय बमोजिमको शर्तहरुको अधीनमा रही रीतपूर्वकको शिलबन्दी बोलपत्र आह्वान गरिन्छ ।

| सि.नं. | ठेक्काको विवरण | न्यूनतम अंक रकम रु. (भ्याट समेत) | बोलपत्र फारम दस्तुर रु. | सिलबन्दी बोलपत्र अवधि |
|---|---|---|---|---|
| ०१. | वातावरण नदी नियन्त्रण तथा सडक मर्मत संभार सेवा शुल्क(प्रति टिप) | ८३,२१,१११/- | ३०००/- | २१ दिन |

शर्तहरुः-

०१. शिलबन्दी बोलपत्र खरिद गर्न ईच्छुक व्यक्तिले आफ्नो नागरिकता प्रमाण-पत्रको प्रतिलिपी र फर्म, संस्था वा कम्पनीले फर्मको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्रसाथ आ.व. २०७६/०७७ का लागि नवीकरण भएको इजाजतपत्र ,मूल्य अभिवृद्धि कर दर्ता/स्थायी लेखा नं.(पान) र आ.व. २०७६/०७७ कौ कर चुक्ता प्रमाणं पत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले २१ (सौ) दिन अर्थात् मिति २०७७/०६/०७ गते सम्म कार्यालय समयभित्र तोकिएको बोलपत्र फाराम दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको आन्तरिक राजश्व उप-शाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

०२. खरिद गरिएको बोलपत्रमा उल्लेख भएका सबै विवरणहरु प्रष्टसाग अध्ययन गरी सम्बन्धित व्यक्तिले प्रत्येक पानामा सहीछाप गरी शिलबन्दी गरी खाम बाहिर ठेक्काको नाम र प्रेषकको नाम र ठेगाना प्रष्टसाग लेखी २२(औ) दिन अर्थात् मिति २०७७/०६/०८ गते दिनको १२ बजेसम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । यसरी दर्ता भएका बोलपत्रहरु सोही दिन दिनको १२:०० बजे पछि नगर कार्यपालिकाको कार्यालय, लहानमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा खोलिनेछ । उक्त समयमा बोलपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा समेत रीतपूर्वकको बोलपत्र खोलिने कार्यमा बाधा पर्ने छैन ।

०३. बोलपत्र खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात् कार्यालय खुलेको दिन सोही समयमा बिक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

०४. बोलपत्र फाराम भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

०५. शिलबन्दी बोलपत्र साथ आफुले कबोल गरेको अंक रकमको ५% ले हुने धरौटी रकम नेपाल बैक लि., लहान स्थित रहेको यस कार्यालयको च.हि.नं. ०३६०३००००३०००००००१ धरौटी खातामा जम्मा गरेको सक्कल बैाक भौचर वा सो रकम बराबरको यस कार्यालयको नाउामा मान्यता प्राप्त वाणिज्य बैाकबाट जारी गरिएको बोल कबोल जमानी पत्र (कम्तीमा १२० दिन म्याद भएको) सक्कल प्रति संलग्न राख्नुपर्नेछ । धरौटी रकम बोलपत्र साथ नगद खामी आएमा यस कार्यालय जिम्मेवार हुने छैन, साथै त्यस्तो बोलपत्रहरु अमान्य हुनेछ ।

०६. बोलपत्र स्वीकृत भएपछि ठेक्का अंकको अतिरिक्त न.पा.द्वारा संचालित दुर्गापूजाचन्दाको लागि १.५% र १.५%आयकर रकम ठेक्का अंकमा जोडी कायम भएको रकम (दुई किस्ता) मा बुझाउनु पर्नेछ ।

०७. कावु बाहिरको परिस्थितिको कारण ठेक्काको अवधि कम भएमा स्वीकृत ठेक्का अंकलाई आधार मानी कम हुने अवधिको दामाशाहीले कम हुन आउने अंकलाई ठेक्का अंक मानिनेछ ।

०८. शिलवन्दी बोलपत्र पेश गर्दा कुनै किसमिको शर्त मान्य हुनेछैन । साथै रित नपुगी वा म्याद नाधी आएको बोलपत्र उपर कुनै कार्यवाही हुनेछैन ।

प्रमुख प्रशासकीय अधिकृत

०९. स्थानीय सेवा शुल्क संकलन गर्दा शुल्कदातालाई दिईने रसिद नगरकार्यपालिकाको कार्यालय,लहानले तोकि दिएको ढाचामा ठेकेदारले आफनो तर्फवाट छपाई कार्यालय प्रमुखबाट प्रमाणित गराई कार्यालयको छाप लगाई मात्र प्रयोग गर्न पाईनेछ र दोहोरो सेवा शुल्क लिन पाईने छैन। साथै प्रमाणित विनाको रसिद प्रयोग गरेको पाईएमा नगरपालिकाद्धारा कानूनी कार्यबाही गरिनेछ।

१०. दरबन्दी भन्दा बढी सेवा शुल्क रकम उठाएमा वा नगरपालिकाको अहित हुने काम कारवाही गरेमा त्यसको उत्तरदायित्व ठेकेदारले नै व्यहोर्नु पर्नेछ।

११. प्राप्त बोलपत्रहरु कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१२. बोलपत्र सम्बन्धी केही थप कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ।

१३. वातावरण, नदी नियन्त्रण तथा सडक मर्मत संभार सेवा शुल्क संकलन दररेटहरु (प्रति टीप)

| सि.नं. | गाडीको किसिम | दररेटहरु (प्रति टिप) | | | | | अन्य सामग्री |
|---|---|---|---|---|---|---|---|
| | | ईट्टा | भरौट वालुवा, माटो (निजी माटो वाहेक) | वालुवा | ढुङ्गा | गिट्टी | |
| १. | टायर गाडा | ३०।- | २०।- | ३०।- | ३०।- | ३०।- | ०।०० |
| २. | पावर ट्रयाक्टर तथा सानो ट्रयाक्टर | ६०।- | ४०।- | ६०।- | ६०।- | ६०।- | ०।०० |
| ३. | दुई पाङग्रे ट्रली भएको ट्रयाक्टर | १०० ।- | ६०।- | १०० ।- | १५० ।- | २००।- | २५।- |
| ४. | चार पाङग्रे ट्रली भएको ट्रयाक्टर | १२५ ।- | ८०।- | १२५ ।- | १५० ।- | २००।- | २५।- |
| ५. | मिनी ट्रक एकको | १२५।- | ८०।- | १२५ ।- | १५० ।- | २००।- | ३०।- |
| ६. | छ चक्का ट्रक वा टिपर एकको | ३५०।- | २५०।- | ३५०।- | ४००।- | ५००।- | ५०।- |
| ७. | दश चक्का टिपर एकको | ५००।- | ३००।- | ५००।- | ५५०।- | ६००।- | १०० ।- |

२०७६।२।१६

प्रमुख प्रशासकीय अधिकृत